
न्यायकर्ता ४

# रूथ




न्यायकर्ताहरूको शासनकालमा देशमा एउटा ठूलो अनिकाल पऱ्यो ।
एलीमेलेक (जसको अर्थ हो : मेरा परमेश्वर मेरा राजा हुनुहुन्छ) नाउँ गरेका एक एप्राती बेथलेहमबाट यर्दनको पूर्वतिर पर्ने मोआबतिर बस्न गए......
यो एउटा आपत्तिजनक निर्णय थियो । लामो समयदेखि मोआबीहरूले एलीमेलेकका मानिसहरूलाई शत्रुतापूर्ण व्यवहार गर्दै आएका थिए कारण मोआबीहरूलाई तिनीहरूले दोषपूर्ण वंश मान्थे (नातेदार-नातेदार बीचको सम्बन्धबाट उत्पन्न वंश) ।
एलीमेलेक शायद एक अधिकारसम्पन्न व्यक्ति थिए, त्यसैले उनले देश छोड्दा उनका मानिसहरूले परित्यक्त महसूस गरेँ ।
अझ खराब कुरा, कसैकसैले उनले इस्राएलको परमेश्वरलाई त्यागेर मोआबको ईश्वरमाथि आस्था राखे भनी पनि विश्वास गरे ।
एलीमेलेककी श्रीमतीको नाउँ नाओमी (मीठो) थियो र तिनीहरूका दुई छोराहरूका नाउँ महलोन(अशक्त) र किल्योन (क्षय) थियो, जुन अनिकालको समयमा राखिएका नाउँहरू थिए ।
एलीमेलेक केही समयको लागि मोआबमा बसे....र त्यसपछि उनी मरे ।
उनकी श्रीमती नाओमी आफ्ना छोराहरूलाई हेरचाह गर्न एक्लै छोडिए ।
तिनीहरू आफ्नो देश र परमेश्वरको व्यवस्थाप्रति पनि बफादार भएनन्.....किल्योनले पत्नीको रूपमा ओर्पा नाम गरेकी एउटी मोआबी स्त्री ल्याए । महलोनले रूथ नाम गरेकी मोआबी स्त्री विवाह गरे ।
रूथ देख्नमा त्यत्ति राम्री नभएतापनि उनी अत्यन्तै निस्वार्थी स्वभावकी थिइन् ।
तथापि, उनी नि:सन्तान थिइन् ।

रूथ १:१-४


अनि उनका दुवै छोराहरू पनि मरे । स्त्रीहरूलाई त्यति मान्यता नदिने संसारमा एउटी विधवाको लागि यो एउटा अत्यन्तै दुःखदायक परिस्थिति थियो ।
र त्यसैले......
आमा, तपाईं के पोको पार्दै हुनुहुन्छ ?
हामी कहाँ जाँदैछौं र ?
यहूदातिर फर्कने अब । अनिकाल सकियो भनी मैले सुनेको छु । अब यहाँ हामीलाई केहीले रोकेर राख्न सत्तैन ।
तथापि, यात्रामा नाओमीलाई एउटा अर्को विचार आयो.........
नानीहरू, तिमीहरूले मेरो परिवार र मप्रति साह्रै दयापूर्ण व्यवहार देखाएका छौ.....
'।।तर अब तिमीहरू मोआबमा आफ्नै घरपरिवारमा फर्किजानुपर्छ ।
परमप्रभुले तिमीहरूलाई आशिष देऊन् र तिमीहरू दुवैलाई नयाँ पतिहरू देऊन् ।
तिमीहरू जानुअघि मलाई चुम्बन गर्नदेऊ ।
होइन होइन आमा !
हामी तपाईंसितै रहन चाहान्छौं ।
हामी तपाईंसितै तपाईंका मानिसहरूकहाँ जानेछौं ।


मेरा छोरीहरू हो -- फर्क ! तिमीहरू किन मसँग आउने ?
तिमीहरूलाई दिन मेरा अरू छोराहरू छैनन् ! अनि फेरि बिहे गर्न र बच्चा पाउन म बूढी भैसकेकी छु ।
यदि आज राति नै मैले विवाह गरेर अरू छोराहरू पाएँ भने पनि तिनीहरू बढुञ्जेल तिमीहरू पर्खन्छौ र ?
होइन --तिमीहरूका निम्ति मलाई अत्यन्त शोक छ किनकि परमप्रभु मेरो विरुद्धमा हुनुहुन्छ ।
ओर्पाले नाओमीलाई बिदाईको चुम्बन गरिन्.... तर रूथ नाओमीसित टाँसिरहिन् ।
तिम्री जेठानी गइन्, रूथ.... तिमीपनि उनीसितै जाऊ.....तिम्रा आफ्नै मानिसहरू र आफ्ना देवताहरूकहाँ फर्केर जाऊ ।
नाइँ !
कृपया मलाई फर्केर जान र तपाईँलाई छोड्न कर नगर्नुहोस् ।
तपाईँ जहाँ जानुहुन्छ, म त्यहीँ जानेछु । तपाईँ जहाँ बस्नुहुन्छ, म त्यहीँ बस्नेछु ।
तपाईँका मानिसहरू मेरा मानिसहरू हुनेछन्, अनि तपाईँका परमेश्वर मेरा परमेश्वर !
तपाईँ जहाँ मर्नुहुन्छ, म पनि त्यहीँ मर्नेछु र त्यहीँ नै गाडिनेछु । मृत्युबाहेक अरू कुनै कुराले तपाईँ र मलाई अलग गरेमा परमप्रभुले मसँग पनि कडा व्यवहार गरून् ।

रूथ १:१०-१८


ठीक छ, नानी.....मो आब फर्कने कुरा म फेरि गर्नेछैनँ ।
उनीहरूले यात्रा जारी राखे । जौको कटनी सुरु हुने समयतिर उनीहरू बेथलेहममा आइपुगे ।
आ हा ! के उनी हाम्रा पुराना छिमे की नाओमी नै हुन् त ?
उनी त साह्रै दयनीय दे खिन्छन् -- मैले त मुस्किलै ले चिनेको !
उनीसित आउने ती विदेशी केटी चाहिँ को हुन् नि ?
उनी त मोआबी स्त्री हुन् !!
ओहो, नाओमी --के तिमी नै हौ त ?
के भयो तिमीलाई ?
कहाँ थियौ तिमी यतिका वर्षहरू ?
साथीहरू, पर मप्रभुले मसित अति तीतो व्यवहार गर्नुभएको छ.....मेरो श्रीमान् र मेरा छोराहरू मरिसकेका छन् र तिनीहरू मोआबमै गाडिएका छन् ।
म भरिपूर्ण भएर गएको थिएँ तर रि त्तो भएर फर्केको छु.....
मलाई नाओ मी नभन....मलाई मारा भन.....मलाई “मीठो” नभन......मलाई “तीतो” भन....
आउनोस् आमा.....अब हाम्रो बसो बास यहीं हुनेछ ।
नाओ मीका दिनहरू खराब हुँदैछन् अब -- बूढेसकालमा हेरचाह गर्न एउटी अपवित्र मो आबी मात्रै पाई उसले ।


यद्यपि नाओमीसित धितोमा रहेको एक टुक्रा जमिन भएतापनि तिनको कुनै घर थिएन, त्यसैले तिनीहरू एउटा साधारण पालमा बस्दथे ।
आमा, हामीलाई अब खानेकुरा चाहिन्छ । के म शिला-बाला खोज्न जाऊँ ? कसै न कसैले सहायता गर्लान् नि ।
जाऊ, नानी, तर होशियार होऊ नि.....कटनी गर्नेहरू अशिष्ट हुनसक्छन् !
कटनी गर्दा खेतबारीको छेउ-छेउसम्म सफाचट गरी नकाट्नू भनी कटनी गर्नेहरूलाई व्यवस्थामा आज्ञा गरिएको थियो.....
त्यसो गर्दा गरिब र परदेशीहरूका निम्ति अन्नहरू बाँकी रहन्थ्यो जुन तिनीहरूले बटुल्न सक्थे ।
रूथ पनि गरिब र परदेशी थिए.....र उनीसित आफू र नाओमीका निम्ति खानेकुरा जुटाउने कुनै अरू उपाय थिएन ।
त्यसैले, उनी एलीमेलेकका आफन्तको खेतमा जानुपर्‍यो ।
बोअज ( जसको अर्थ उहाँमा सामर्थ्य छ ) नाम गरेका ती व्यक्ति बेथलेहम बासिन्दा थिए र त्यहाँ सम्माननीय पदमा थिए ।
उनी बेथलेहमबाट भर्खरै आएका थिए र कटनी गर्नेहरूलाई अभिवादन गर्दै थिए.....
नानीहरू हो, परमप्रभु तिमीहरूसँग होऊन् !
परमप्रभुले तपाईंलाई आशिष दिऊन्, मालिक !


मलाई बताऊ त.....ती ठिटी कसकी हो ?
ती मोआबी ठिटी नाओमी हुन् ! उनी साह्रै नम्र र मेहनती छन् !
उनले शिला-बाला बटुल्न पाऊँ भनेर अनुमति मागी र बिहानदेखि अहिलेसम्म छोटो समयको विश्रामबाहेक काममा व्यस्त छे !
ए, अँ....मैले उनको बारेमा अरूहरूबाट सुनेको छु !
यद्यपि बोअज दयालु छन् भन्ने कुरा तिनीहरूलाई थाहा भएतापनि, तिनले यसो भन्दा कटनी गर्नेहरू चकित परे.....
रूथ आफै पनि अति चकित परिन् !
सुन, छोरी । अरू बारीमा शिला-बाला टिप्न नजाऊ । मेरा ठिटीहरूसँग यतै खोज ।
तिमी सुरक्षित रहनेछौ । तिमीलाई नछुनू भनी मैले ठिटाहरूलाई भनेको छु !
तिमीलाई तिर्खा लाग्यो भने, तिनीहरूले इनारबाट उघाएको पानीबाट तिमीले पिउनसक्छ्यौ ।


रूथ २:५-९


रूथ भावविह्वल भइन् र बोअजको सामुन्ने झुकिन्......
हजूर, म विदेशीलाई किन यति धेरै कृपा दे खाउनुहुन्छ ?
तिमीले आफ्नी सासूप्रति गरेका सबै काम मैले सुनेको छु.....कसरी तिमीले आफ्नो आमाबुबा अनि देश छोडेर एउटा विरानो देशमा तिनको सेवा गर्दैछौ !
इस्राएलका परमप्रभु परमेश्वरले तिमीले गरेका कामको लागि तिमीलाई पूरा इनाम देऊन् ! उहाँकै छत्रछायामुनि शरण लिनलाई तिमी आएकी छौ !
हजूरलाई धेरै धन्यवाद, म पराई भएतापनि मलाई आफ्नै जस्तो व्यवहार गर्नुभयो ।
पछि, खाना खाने
आऊ, नानी । यहाँ आएर के ही खाऊ र तिम्रो रोटी सिर्कामा चोप ।
तब उनी कटनी गर्नेहरूसित बसिन्, र पेटभरि भुटेको अन्न खाइन् र केही उबारेर पनि राखिन् ।
त्यसपछि उनी शिला-बाला बटुल्नलाई उठिन् ।


यी ठिटी असल स्वभावकी छन् । यदि तिनले बिटाहरूको बीच-बीचबाट पनि शिला-बाला बटुलिन् भने त्यसलाई नहप्काओ ।
अनि अन्न बाँधेका बिटाहरूबाट पनि तिनका निम्ति तिमीहरूले केही निकालेर छोडिदेऊ ।
हुन्छ, मालिक ।
यसैले रूथ साँझसम्म खेतमा शिला-बाला बटुल्दैरहिन्, अनि जब तिनले बटुलेका शिला-बाला माडिन्, तब त्यो पाँच पाथी जति भयो !
त्यसपछि आफूले बटुलेका शिला-बाला र आफूले खाएर उबारेको खाना बोकेर रूथ नाओमीकहाँ पुगिन् ।
ओहो, मेरी छोरी ! आज तिमीले कहाँ शिला-बाला बटुल्यौ ? कसैले तिमीलाई वास्ता गरी तिम्रो लागि राम्रैसित बन्दोबस्त गरिदिएछ नि !
हो, आज मैले जुन मानिससित काम गरें, उहाँ मप्रति साह्रै कृपालु हुनुभयो ।
उहाँको नाउँ बोअज हो ।



ती कृपालु मानिसले आज जे गरे, त्यसको लागि परमप्रभुले उनलाई आशिष दिऊन् ।
रूथ, यसको अर्थ के हो, के तिमीलाई थाहा छ ? परमप्रभुले हामीलाई त्याग्नुभएको छैन रहेछ ! बोअज हाम्रा नजिकका नातेदार हुन् --हामीलाई दाम तिरेर छुटाउनेवालाहरूमध्ये एक हुन् !
अनि आज एकदिनका लागि मात्र होइन, आमा, हरेक दिन उहाँका मानिसहरूसँगै रहेर शिला-बाला टिप्नू भनी उहाँले भन्नुभएको छ....
यो त अति खुशीको खबर हो नि, नानी...... हो, आफ्नो सुरक्षाको लागि ती जवान ठिटीहरूसँगै रहनू !
रूथ बोअजका ठिटीहरूको साथ-साथ लागेर जौ र गहूँका कटनी खतम नहोउञ्जेल शिला-बाला बटुल्नमा लागिरहिन् ।
यसरी आफूले हरेक दिन बटुलेको शिला-बाला बाँडचूँड गर्दै रूथ आफ्नी सासूसित बस्थिन् ।


एक ढिलो साँझ.....
मेरी छोरी, मैले अब तिम्रो लागि एउटा बन्दोबस्त गर्नुपरेको छ ...... मेरो मृत्युपछि तिम्रो राम्रो वास्ता गर्ने व्यक्तिसित ।
त्यो व्यक्ति बोअज नै हुनसक्छ ! आखिर उनी हाम्रै आफन्त त हुन् नि !
सुन, नानी.....आज राति उनी खलामा जौ निफन्दैछन्........ तिमी नुहाऊ.....अनि
अत्तर लगाऊ....र लुगा लगाएर त्यहाँ जाऊ.....
उनले खानपीन नगरुन्जेल उनीकहाँ देखा नपर....
अनि उनको सुत्ने ठाउँ राम्ररी हेरिर रख.......
त्यसपछि तिनको खुट्टापट्टिको ओढ्ने उघारेर त्यहीँ ढल्क.....तब तिमीले के गर्नुपने 'छ सो उनले नै भन्नेछन् ।
यो अलि जोखिमपूर्ण छ.....तर तिम्रो लागि एउटा मानिस खोज्नु एकदमै महत्वपूर्ण छ !
म....म हजूरले भनेजस्तै गने 'छु.......



रूथ ३:९–१५


चाँडै......
म साह्रै डराएकी छु.......
तर मेरी सासूको सुरक्षाको निम्ति मैले यो गर्नैपर्छ......
उहाँको परिवार फेरि पुनर्स्थापित गर्नको निम्ति पनि !
बोअज सुतिसकेपछि, उनी चूपचापसित आइन् रबोअजको खुट्टानेर ढल्किन् ।
आधारातमा, बोअज अकस्मात् बिउँझे र आफ्नो खुट्टानेर एउटी स्त्री देखेर तर्से ।
को, को हो त्यो ? तिमी को हौ ?
म तपाईंकी दासी रूथ हुँ ।
कृपा गरी ममाथि हजूरको लुगा ओढाइदिनुहोस् र हजूरको दासीलाई पत्नी स्वीकार गरिदिनुहोस्..... किनकि हजूर नै मेरो नजिकको नातेदार हुनुहुन्छ र मेरो परिवारको संरक्षक पनि !
हे, मेरी छोरी, तिमी धन्यकी हौ...तिमी धनी कि गरिब कुनै जवान मानिसको पछि लागिनौ । तिमीले आफ्नी सासूको निम्ति पहिलेको भन्दा पनि बढी भक्ति देखाएकी छौ ।


चिन्तित नहोऊ, मेरी छोरी....जे गर्नुपर्ने हो, सो म गर्नेछु । तिम्रो गुण यस नगरका सबै मानिसहरूले देखिसके का छन् ।
म तिम्रो छुटाउनेवाला नातेदार भएतापनि, मभन्दा नजिकको अरू नातेदार पनि छन् । तिनले तिमीलाई छुटाउँछन् कि छुटाउँदैनन्, म बिहान हेर्नेछु ।
तर उनले छुटाएनन् भने पनि, जीवित परमप्रभुको कसम, म निश्चय नै छुटाउनेछु ।
त्यहीँ
हानसम्म ढल्किर
ह....अहिले बाहिर
निस्कनु सुरक्षित छैन !
त्यसकारण रूथ बिहानसम्मै त्यहीँ ढल्किरहिन्....तब बो
जले प्रार्थना गरे :
हे, प्रभु, तपाईँ जान्नुहुन्छ कि मैले रूथलाई छोएको छैन.....
उनी यहाँ आएकी कुरा कृपा गरी कसैलाई थाहा नहोस् ताकि मेरो कारण तपाईँको नाउँ अपवित्र नहोस् ।
तब बोअजले रूथलाई ६ पाथी जौ दिएर पठाए । आफूले रूथलाई लाजमा पारेको छैन भनी नाओमीले थाहा पाऊन् भनी उनले यो कोसेली पठाएका थिए ।
तब रूथ बेथलेहम फर्के.....
हे ! मेरी छोरी, कस्तो भयो ?



रूथ ३:११-१६



बोअजले उनका निम्ति गरेका सबै कुराहरू रूथले नाओमीलाई बताइन्......
........र उहाँले तिमी रित्तो हात जानुहुँदैन भनी यो ६ पाथी जौ दिनुभयो !
प्रतीक्षा गर, रूथ......आजै यस कुराको फैसला नगरून्जेल तिनी चैनसित बस्नेछैनन् !
तब बोअज मोल तिरेर छुटाउने अर्को नातेदार भेट्न सहरको मूल ढोकामा गए....
यता आएर बसौँ न भाइ !
ओ हो, बोअज दाइ पो !
"हामीले केही कुराको फैसला गर्नुछ !"
तब बोआजले दश बूढप्रधानहरूलाई पनि बस्नका निम्ति बिन्ती गरे ।
धन्यवाद, भाइहरू हो ! एउटा महत्त्वपूर्ण विषयमा मेरा नातेदारसित यहाँ मैले छलफल गर्नुछ ।
नाओमी मोआबबाट फर्केकी छन् र तिनले अनिकालको समयमा हाम्रा नातेदार अबीमेलेकले धितो राखेको खेत बेच्न खोज्दैछिन्....


रूथ ३:१७ --४:४


त्यसैले यदि तपाईं इच्छुक हुनुहुन्छ भने यी बूढप्रधानहरूको उपस्थितिमा तपाईंले यो किन्नुहोस्...
यदि हो इन भने मलाई भन्नुस् र म त्यो किन्नेछु किनकि तपाईंपछिको नजिकको नातेदार म नै हुँ !
अँअँअँ...
यसो गर्न मैले नाओमीलाई मात्र बिहे गर्नुपर्छ जसको बच्चा पाउने उमेर बितिसकेको छ.....र सबै खेत मेरो हुनेछ !
हुन्छ, म किन्नेछु !
म प्रष्ट पार्छु, त्यो जमिन किन्नका निम्ति तपाईंले महलोनकी विधवा मोआबी रूथलाई पनि बिहे गर्नुपर्छ र तिनीबाट तपाईंले जन्माउने छोरा कानूनी रूपमा तिनको हुनेछ ।
के ? ! त्यसको अर्थ त्यो जमिन कहिल्यै मेरो हुनेछैन ?.... यसमा लगानी गर्नु भनेको त मेरो सम्पत्तिको मोल घटाउनु हो !
अहँ, त्यो म गर्न सक्दिन ! त्यसो गर्दा मेरो आर्थिक अवस्था भताभुङ्ग हुनेछ !
यदि तपाईं चाहानुहुन्छ भने, तपाईं नै यसलाई किन्नुहोस्.... मबाट यो हुनेछैन ।
(त्यस समयमा जग्गाजमिन मोल तिरेर लिँदा वा सट्टापट्टा गर्दा दिने मानिसले साक्षीहरूको उपस्थितिमा आफ्नो जुत्ता फुकालेर लिने मानिसलाई दिने चलन थियो ।)



तपाईंहरू साक्षी हुनुहुन्छ, मैले एबीमेलेक र उनका छोराहरूका जेजति हुन्, भखरै नाओ मीबाट किनेको छु।
र त्यस परिवारको पैतृक सम्पत्ति र नाउँ नमेटिओस् भनेर मोआबी रूथलाई पनि मैले आफ्नो पत्नीको रुपमा प्राप्त गरेको छु।
आज यी सबै कुराको साक्षीहरू तपाईं नै हुनुहुन्छ!!
हो! हामी साक्षीहरू छौं!
अरु को ही हुँदा हुन् त त्यसले आफ्नो नातेदारलाई कु न कुनै रीतिले घाटा पा थियो....
.... गुप्त लेनदेनद्वारा कि त जमिन किन्ने थियो, कि त जवान विधवालाई विवा गर्नेथियो.....
.....तर तपाईंले त सबैको वास्ता गरेर खुल्ला रीतिले व्यवहार गर्नुभएको छ!
परम्प्रभुले रूथलाई राहेल र लेआ जस्तै बनाउनुभएको होस् जसका छोराहरू बाह्र कुलहरूका पिताहरू भए!
अनि परम्प्रभुले तपाईंलाई रूथबाट दिने सन्तानको घराना तामारले यहूदाबाट जन्माएका छोरा फारेसको घराना जस्तै होस्!


यसरी बोअजले रूथसित विवाह गरे......र यद्यपि उनी आफ्नो पहिलो पतिबाट निःसन्तान भएतापनि परमप्रभुले रूथलाई एउटा छोरो दिनुभयो....
परमप्रभु धन्यका हुनुहुन्छ जसले तपाईंलाई एउटा नजिकको नातेदारविना छोड्नुभएन !
इस्राएलभरि यसको नाउँ प्रसिद्ध होस् !
यो तपाईंको बूढेसकालमा नयाँ जीवन दिने र तपाईंको पालनपोषण गर्ने हुनेछ.....
......किनभने तपाईंलाई प्रेम गर्ने बुहारी, जो सात छोराहरूभन्दा पनि उत्तम छिन्, तिनले उसलाई जन्माएकी हुन् !
हो ! नाओमीको एक जना छोरो भयो ! ! !
.....र तिनीहरूले उनको नाउँ ओबेद (सेवक) राखे ।
यहूदाको सबैभन्दा प्रख्यात कुलका पिता फारेसको वंशावली यिनै हुन् : (बोअज यहूदाभित्रै पर्दथे)
फारेस हेस्रोनका पिता भए......
हेस्रोन आरामका पिता भए....
आराम अम्मीनादाबका पिता भए....
अम्मीनादाब नहशोनका पिता भए....
नहशोन सल्मोनका पिता भए....
सल्मोन बोआजका पिता भए....
बोअज ओबेदका पिता भए....
ओबेद यिशैका पिता भए.....
यिशै इस्राएलका महान् राजा दाऊदका पिता भए ।
त्यसैकारण, रूथ र बोअज मसीह, येशू ख्रीष्टका पुर्खाहरू थिए !



रूथ ४:१३-२२


शामूएल


एप्राइमको पहाडी देशमा बस्ने एल्काना नाम गरेका एउटा मानिसका दुई पत्नीहरू थिए ।
एउटीको नाउँ हन्ना थियो र अर्कीको नाउँ पनिन्नाह थियो ।
पनिन्नाहका छोराछोरीहरू थिए तर हन्ना निःसन्तान थिए ।
एल्काना वर्षेनी शीलो नामक सहरमा बलिदान चढाउन जाने गर्थे ।
पूजाहारी एलीका दुई छोराहरू होप्नी र पीनहास परमप्रभुका पूजाहारीहरू थिए ।
बलिदान चढाएको दिन एल्कानाले पिनहास सबै छोराछोरीहरूलाई भेटीको भाग दिन्थे ।
तर हन्नालाई चाहिँ उनी भेटीको दोब्बर भाग दिन्थे --किनकि उनले तिनलाई प्रेम गर्थे -- तिनी निःसन्तान भएकोमा उनी तिनलाई टिठ्याउँथे ।
सायद परमेश्वरले तिमीलाई बिर्सिनुभएको होला--तिमीले सन्तान जन्माउन सकेकी छैनौ ।
तर मैले हाम्रो श्रीमान्‌लाई छोरा र छोरी दुवै दिन सकेको छु ।
तिमी किन केही खाँदिनौ र यति साह्रै विलाप गरिरहेकी छौ ?
के म तिम्रो निम्ति दश जना छोराहरूभन्दा बढ्ता छैनँ र ?


आराधना गर्न शिलोमा जाँदा, हन्ना प्रार्थना गर्न मन्दिरभित्र पसिन् ।
हे, प्रभु, यदि तपाईँले मेरो दुःख बुझेर मलाई एउटा छोरो दिनुभयो भने म उसलाई उसको जीवनभरि नै परमप्रभुलाई दिनेछु ।
तिमी किन परमप्रभुको मन्दिरमा मातिरहन्छौ ? मद्य त्यागिदेऊ !
यस्तो होइन, हे प्रभु ! म ठूलो पीरमा परेकी स्त्री हुँ म त परमप्रभुको सामु मेरो मनको दुःख पोखिर हिछु ।
म खराब स्त्री होइनँ -- ठूलो दुःख र कष्टमा परे को मात्र हुँ ।
शान्तिसित जाऊ, अनि इस्राएलका परमेश्वरले तिमीले उहाँसित मागेका कुरा तिमीलाई देऊन् ।
तपाईँको दासीले तपाईँको दृष्टिमा कृपा पाओस् ।
परमेश्वरले उनको प्रार्थना सुन्नुभयो र उनले आफ्नो श्रीमान् एल्कानाको निम्ति एउटा छोरो जन्माइन् ।
उनले त्यसको नाउँ शामुएल राखिन् जसको अर्थ हुन्छ, “परमेश्वरले सुन्नुभयो”



१ शामुएल १:९-२०




१ शमुएल १:२१-२:११



तथापि, एलीका छोराहरू दुष्ट थिए।
मासुको त्यो भाग तिमीले लिन पाउँदैनौं।
पूजाहारी हैसियतले, मासुको जुनसुकै भाग पनि म लिन पाउँछु।
जाऊँ यहाँबाट!
कसरी तिमीले यो गर्न मिल्छ र? यो परमेश्वरलाई आराधना गर्ने ठाउँ हो।
हर प्रकारले परमेश्वरको भेटीलाई तिनीहरूले तुच्छ ठान्थे।
.....तिनीहरूको पाप परमेश्वरको दृष्टिमा साह्रै बढ्ता भयो।
शामुएललाई उनकी आमाले एउटा सानो कोट बनाइदिएकी थिइन् र उनले पूजाहारी एलीले जस्तै मलमलको एपोद लगाउँथे।
एलीले एल्काना र तिनकी पत्नीलाई आशिर्वाद दिए।
प्रार्थना गरेर मागेको र परमप्रभुलाई अर्पण गरेको यस छोराको सट्टामा परमप्रभुले तिमीहरूलाई धेरै छोराछोरीहरू दिऊन्।
र परमेश्वरले तिनीहरूलाई तीन छोराहरू र दुई छोरीहरू दिनुभयो।
एलीले आफ्ना छोराहरूलाई तिनीहरूले गरेको दुष्ट कामका निम्ति ताडना दिए।
यदि मानिसले मानिसको विरूद्धमा पाप गऱ्यो भने परमेश्वरले त्यसको निम्ति न्याय गर्नुहुनेछ -- तर यदि मानिसले परमेश्वरको विरूद्धमा पाप गर्छ भने कसले उसको निम्ति अन्तर्बिन्ती गरिदिने?
....तर तिनीहरूको हृदय कठोर भयो र तिनीहरूले आफ्ना पिताको कुरा सुनेनन्।


शामुएल कदमा तथा परमप्रभु र मानिसहरूका निगाहमा बढ्दै गए ।
तर परमेश्वरले एलीको घरमा एउटा दूत पठाउनुभयो ।
के मैले आफूलाई तेरा पिताको घरानाकहाँ मिश्रमा तिनीहरू दासत्वमा हुँदा प्रकट गरेको थिइनँ र ?
मैले इस्राएलका सबै कुलहरूमध्ये तेरा पितालाई मेरो वेदीमा सेवा गर्न र धूप बाल्न छानेँ । तिमीहरू किन मेरो बलिदानलाई अनादर गर्छौ ? किन तँ तेरा छोरहरूलाई मलाई भन्दा बढी सम्मान गर्छस् ?
त्यसकारण इस्राएलका परमप्रभु परमेश्वरको वचन सुन.....
मलाई आदर गर्नेलाई म आदर गर्नेछु ; तर मलाई तिरस्कार गर्नेहरू तुच्छ ठानिनेछन् ।
तेरो परिवार र वंशमा कोही वृद्ध मानिस हुनेछैन । तेरो लागि यो चिन्ह हुनेछ --तेरा दुवै छोराहरू त्यहीँ दिन मर्नेछन् ।
म आफ्ना निम्ति एउटा पूजाहारी खडा गर्नेछु जसले मेरो मनमा र हृदयमा भएको कुराअनुसार गर्नेछ ।
म त्यसको घरलाई स्थिर गराउनेछु र त्यसले मेरो अभिषित्त मानिसको सामु पुस्तौँसम्म सेवा गर्नेछ ।

१ शामएल २:२६-३६


ती दिनहरूमा परमप्रभुको वचन विरलै सुनिन्थ्यो ।
परमप्रभु एक रात बोल्नुभयो.....
म यहीँ छु ।
म यहीँ छु, तपाईँले मलाई बोलाउनुभएको हो ?
अँ हँ, मैले तँलाई बोलाइनँ । जा गएर सुत् ।
तेस्रो पल्टमा एलीले एउटा निर्देशन दिए....
अर्कोपल्ट त्यो आवाज सुन्यौ भने यसो भन्नू, 'परमप्रभु भन्नुहोस्, तपाईँको दास सुन्दैछ ।'
शामुएल ! शामुएल !
भन्नुहोस्, तपाईँको दास सुन्दैछ ।
इस्राएलमा म एउटा काम गर्नेछु, कि यसको विषयमा सुन्नेहरू सबैका कान झन्किनेछन् ।
एलीको विरुद्ध मैले भनेको सबै कुरा म पूरा गर्दैछु ।
उसका छोराहरूले मलाई तुच्छ व्यवहार गरे तर उसले तिनीहरूलाई रोकेन ।
तिनीहरूको पाप कुनै बलिदानले मेटिनेछैन ।


शमुएल, मेरो छोरो, यहाँ आऊ त ।
म यहीँ छु ।
गएको र
ाति परमप्रभुले तँलाई के भन्नुभयो ? मबाट केही नलुका ।
परमप्रभुले भन्नुभयो कि उहाँले इस्राएलमा एउटा नयाँ काम गर्नुहुनेछ, मानिसहरू त्रसित हुनेछन् ।
र होप्नी र पीनहासलगायत तपाईँको परिवार नष्ट हुनेछन्, किनकि तिनीहरूले परमप्रभुलाई दुर्व्यवहार गरेका थिए ।
उहाँ पर
मप्रभु हुनुहुन्छ । उहाँको दृष्टिमा जे कुरो ठीक छ, सो गरून् ।
परमप्रभु शमुएलसँग हुनुहुन्थ्यो र सबै मानिसहरूले उनी परमेश्वरका अगमवक्ता हुन् भनी जाने ।
परमेश्वरले आफूलाई आफ्नो वचनद्वारा शमुएल प्रकट गर्नुभयो र मानिसहरूले शमुएलका वचनहरूलाई धेरै मान्यता दिन्थे ।

१ शमुएल ३:१५-२१


परमेश्वरको अगमवाणी साँचो हुन आयो जब ठूलो संख्यामा पलिश्तीहरू इस्राएलीहरूसित युद्ध गर्न निस्केर आए।
युद्धको पहिलो दिनमा चार हजार मानिसहरू मारिए।
किन हामी पराजित भयौं ?!
हामीले शीलोबाट परमप्रभुका करारको सन्दूक ल्याउनै पर्छ।
परमप्रभुले किन यस्तो गर्नुभयो ?
या.....ह !!
हामी अब पराजित हुन सक्तैनौं -- परमेश्वर हाम्रो साथमा हुनुहुन्छ किनकि सन्दूक हाम्रो छाउनीमा छ।
सन्दूकले हामीलाई अजेय बनाउनेछ।
परमेश्वर हाम्रो छाउनीमा आउनुभएको छ -- हामी सङ्कष्टमा परेका छौं !
यी तिनै ईश्वरहरू हुन् जसले उजाडस्थानमा मिश्रीहरूलाई ध्वंश गरेका थिए।
आँटिला होओ, र मर्द झैं लड -- नत्र हामी ती हिब्रुहरूका कमारा हुनेछौं।


१ शामुएल ४:१-९


अर्को दिनको नरसंहार झन् ज्यादा थियो -- तीस हजार इस्राएली सैनिकहरू पलिश्ती सैनिकहरूको हातद्वारा मारिए ।
र पलिश्ती सैनिकहरूले तिनीहरूको बहुमूल्य थोक-- सन्दूक पनि लिएर गए ।
र परमप्रभुको अगमवाणी साँचो हुन आयो-- एलीका दुवै दुष्ट छोराहरू त्यहीँ दिन मारिए ।

१ शामुएल ४:१०-११



यो केको खैलाबैला हो? -- अनि सन्दूक कहाँ छ?
हामी पलिश्तीहरूद्वारा पराजित भयौँ। से नामा ठूलो विनाश भएको छ। तपाईंका दुवै
'।।करार को सन्दूक अब बेखतने पलिश्तीहरूको हातमा छ।
जब एलीले विध्वंशको यो खबर सुने, उनी पछिल्तिर लडे र उनको घाँटी भाँचियो।
त्यही बेला, उनकी बुहारी, पीनहासकी पत्नीले बच्चा पाउन लागे की थिई।
उनी अत्यन्त विचलित भइन् र उनी मर्ने समयमा, उनले यी निर्देशनहरू दिए....
त्यसको नाउँ इकाबोद र रख्नू -- किनकि पर मप्रभुको महिमा हराएको छ।




१ शामुएल ४:१२-२२



विजयी भएका पलिश्तीहरूले सन्दूकलाई एबेनेजरबाट आफ्नो सहर अश्दोदमा ल्याए।
र तिनीहरूले करारको सन्दूकलाई तिनीहरूको मन्दिरमा रहेको डागोन देवताको छेवैमा राखे।
अर्को दिन.........
डागोनलाई के भएछ ? !
त्यो त घोप्टो पो परेको छ त ! यो कसले गरेको होला ?
डागोनलाई उसकै ठाउँमा बसाल्नुपर्छ .....
.....ताकि उनले हामीलाई देखभाल गरून्, हामी समुद्र वा जमिन जहाँ भएतापनि
....युद्धमा
अर्को दिन......
डागोनका हातहरू त भाँचिएछन्......
अनिउसको टाउको....संघारमा पडिरहेको छ।
हामीले हिब्रूहरूको ईश्वरलाई क्रोधित तुल्याएछौं क्यारे !


१ शमुएल ५:१ष-५


इस्राएलका परमेश्वरको सन्दूकलाई हटाइदेऊ - त्यो हामीसित रहनुहुँदैन !
उहाँको प्रकोप हाम्रो विरूद्ध प्रबल भएको छ -- र डागोनविरूद्ध पनि ।
अर्कोपल्ट डागोनको होइन -- हाम्रो चाहिँ टाउको जानेछ !
ठीक छ, हामी यसलाई पारि गातमा लिएर जानेछौँ ।
सन्दूकलाई लिएर जाओ -- उनीहरूका परमेश्वरले हामीलाई दण्ड दिँदैछन् !
यो पीडा -- यो गिर्खाले म मरेतुल्य भएँ ।
यो हिब्रूहरूका ईश्वरको काम हुनुपर्छ -- मिश्रीहरूलाई उहाँले गर्नुभएको पठाउनुभएको विपत्तिको बारेमा त हामीले सुनेका थियौँ ।
अय् यया ! यो श्रापित थोकलाई एक्रोन लिएर जाओ ।
यसलाई फर्काइदेओ -- यो हाम्रो सहरभित्र रहन पाउनेछैन ।
इस्राएलका परमेश्वरको श्राप हामीमाथि पर्नुहुँदैन ।
के गर्ने हो भनी पलिश्ती शासकहरूले ज्योतिषीहरूसित परामर्श गरे.....
सन्दूकलाई इस्राएल फर्काइदेओ र तिमीहरू निको हुनेछौ ।
“तपाईंहरूका गिर्खा र देशलाई विध्वंश गर्ने मूसाहरूका सुनको प्रतिमाहरू बनाउनुहोस् ।”
“त्यो सन्दूक कहिल्यै नजोतिएका दुईओटा दुहुना गाईहरूसहित एउटा गाडामा पठाइयोस्”
“यदि त्यो इस्राएलतिर लाग्यो भने, यो परमेश्वरको हात हो भनी हामीलाई थाहा लाग्नेछ ।”
“यदि होइन भने, यो सबै संयोगले मात्र भएको रहेछ भनी पत्ता लाग्नेछ ।”



१ शमूएल ५:६


हेर त -- यो त करार को सन्दूक पो रहेछ ।
विश्वास गर्नै गाह्रो भयो -- परमेश्वरले आफ्ना मानिसहरूलाई सन्दूक फर्काइदिनुभएछ ।
हेर त -- सुनका गिर्खा र सुनका मूसाहरू ।
यो परमेश्वरको हात हो -- हामीले उहाँलाई आदर गर्नुपर्छ ।
यो गाडाको काठलाई काटौँ र परमेश्वरलाई यी बाछोहरू होमबलि चढाउन प्रयोग गरौँ ।
अँ, पाँच पाँच ओटा छन् -- पलिश्तीहरूका प्रत्येक पाँच सहरहरूको दोषबलिका निम्ति ।
अय् याया.....
तर त्यस सहरका सत्तरी मानिसहरू मरे......किनकि तिनीहरूले परमप्रभुको सन्दूकभित्र के रहेछ भनी हेरेका थिए ।
किर्यात-यारीमका मानिसहरू आएर परमप्रभुको सन्दूक लिएर गए र एलिजारलाई पूजाहारी अर्पण गरेर परमप्रभुको सन्दूक हेरचाह गर्ने काम सुम्पे ।

१ शामएल ६:१३-७:१


बीस वर्षसम्म सन्दूक किर्यात-यारीममा रह्यो र मानिसहरूले परमप्रभुलाई साँचो प्रकारले खोजी गर्न थाले ।
हामीले शत्रुहरूको हातबाट निकै कष्ट भोगेका छौँ ।
हामीले परमेश्वरलाई त्यागेको कारणले उहाँले हामीलाई त्याग्नुभएको छ ।


यदि तिमीहरू आफ्ना पूरा मनले परमप्रभुकहाँ फर्कंदछौ भने हो तिमीहरूका माझबाट पराई देवताहरू निकालिदेओ र आफूलाई परमप्रभुकहाँ समर्पण गर ।
हामी त्यसै गर्नेछौँ ! र हामी यहोवाको मात्र सेवा गर्नेछौँ ।
त्यसो भए मलाई मिस्पामा भेट्नू ।


मानिसहरूले उपवास बसेर आफ्ना पापहरू परमप्रभुमा स्वीकार गरे ।
शमूएलले तिनीहरूलाई दिएको निर्देशनअनसार तिनीहरूले परमेश्वरको आराधना गर्न थाले ।


पलिश्तीहरू भेला भएका छन् ।
आऊन् तिनीहरू ।



१ शमूएल ७:२-१०


KRAK
के आवाज हो त्यो ?!
BOOM
त्यो इस्राएलीका परमेश्वरको हात हुनुपर्छ -- भागौं !
परमेश्वर हामीसँग हुनुहुन्छ !
हेर त पलिश्तीहरू कसरी भागेका !
तिनीहरूको पीछा गर -- तिनीहरूलाई परमेश्वरले हाम्रो हातमा सुम्पिदिनुभएको छ !
हे ! इस्राएलीहरू, यो दिनलाई सम्झना राख्नू ! 'परम्प्रभुले हामीलाई यहाँसम्म सहायता गर्नुभएको हो !' भनी यो ढुङ्गाको खाँबो हाम्रो स्मारकको रूपमा रहनेछ ।
परम्प्रभुले हामीलाई यहाँसम्म सहायता गर्नुभएको हो ।
परम्प्रभुले हामीलाई यहाँसम्म सहायता गर्नुभएको हो !
शमूएलको जीवनभरि नै परमेश्वरको हात पलिश्तीहरूका विरुद्ध प्रबल रह्यो ।
र शमूएल मानिसहरूको न्याय गर्दै इस्राएलको परिक्रमा गर्थे ।

१ शमूएल ७ : १०–१७


जब शमूएल वृद्ध भए, तब उनले आफ्ना छोराहरूलाई पनि न्यायकर्ता नियुक्त गरे ।
तर त्यहाँ समस्या उत्पन्न भयो....


तपाईंका छोराहरू तपाईंजस्तै सीधा चालमा चल्दैनन् । तिनीहरू घूस लिन्छन् अनि न्यायलाई बिगार्छन् ।
तपाईंलाई विश्वास गरेजस्तै हामी तपाईंका छोराहरूलाई विश्वास गर्न सक्तैनौँ । हामीलाई अरू जातिहरूजस्तै हामीमाथि शासन गर्नलाई एक जना राजा चाहियो ।
प्रभु, तपाईंका मानिसहरू तपाईंलाई शक्ति मान्नदेखि तर्केर वरिपरिका अन्य जातिहरू जस्तै हुन चाहान्छन् ।


प्रभु, तपाईंका मानिसहरू तपाईंलाई शक्ति मान्नदेखि तर्केर वरिपरिका अन्य जातिहरू जस्तै हुन चाहान्छन् ।
मानिसहरूले भनेका सबै कुरा सुन् । तिनीहरूले तँलाई होइन, मलाई इन्कार गरेका हुन् ।
तिनीहरूले मलाई त्यागेका छन् र मिश्रदेशबाट निस्किआएदेखि तिनीहरूले गरेजस्तै अहिले पनि अन्य देवताहरूको पछि लागेका छन् ।
तिनीहरूका कुरा सुन्....तर तिनीहरूलाई गम्भीर चेताउनी दे ।



१ शमूएल ८:१-९








शमूएल ८:१०-२२, १ शमूएल ८:१०-२२